# सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न




नेपाल राष्ट्र बैंक बाट इजाजत पत्र प्राप्त 'ख', 'ग' तथा निक्षेप संकलन गर्ने 'घ' वर्गका वित्तीय संस्थाका सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी समितिका सदस्यहरुको सहभागितामा वित्तीय जानकारी इकाईले मिति २०८०, पुस २६ गते अरण्य बुटीक होटल, नागपोखरी, काठमाडौंमा अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो । कार्यक्रममा सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी क्रियाकलापमा वित्तीय लगानी निवारण, पारस्परिक मूल्याङ्कन तथा वित्तीय जानकारी इकाईलाई गर्नुपर्ने रिपोर्टिङ्गका सम्बन्धमा विस्तृत प्रस्तुती, छलफल तथा अन्तरक्रिया भएको थियो ।

कार्यक्रमलाई सम्बोधन गर्दै इकाई प्रमुख दीर्घ बहादुर रावलले आपराधिक तथा आतङ्ककारी क्रियाकलाप सम्बन्धी शंकास्पद कारोबार इकाईमा प्रभावकारी ढङ्गबाट रिपोर्टिङ्ग गर्न तथा यस्ता क्रियाकलापबाट समग्र वित्तीय प्रणालीलाई जोगाउन सूचक संस्थाहरुको प्रमूख भूमिका हुने बताउनुभयो । साथै AML/CFT सम्बन्धी प्रावधानहरुको अक्षरशः पालना गर्न तथा आफ्ना कर्मचारी, ग्राहक तथा सेयरधनीहरुलाई समेत यसबारे सचेतना फैलाउन आह्वान गर्नुभयो ।



डेभलपमेण्ट बैंकर्स एशोसियसन नेपालका अध्यक्ष सुयोग श्रेष्ठले पारस्परिक मूल्याङ्कनले औल्याएका सुधारका क्षेत्रहरुमा आफूहरुले चाल्नुपर्ने कदमका सम्बन्धमा एशोसियसनभित्र थप छलफल चलाउने प्रतिबद्धता जनाउदै कार्यक्रम आयोजनाका लागि इकाईलाई धन्यवाद ज्ञापन गर्नुभयो ।

कार्यक्रममा सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी तीन वटा प्रस्तुतीहरु भएका थिए । इकाईका उप-निर्देशक स्वरुप श्रेष्ठले पारस्परिक मूल्याङ्कन प्रतिवेदन तथा AML/CFT सम्बन्धी प्रावधानहरु बारेमा विस्तृत प्रस्तुती गर्नु भएको थियो । मुक्तिनाथ विकास बैंकका कार्यान्वयन अधिकारी जगदिश कुमार श्रेष्ठले आफ्नो संस्थामा रहेका नीति, अभ्यासहरु तथा सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी समितिमा हुने गरेका छलफल लगायतका विषयमा प्रस्तुती गर्नु भएको थियो । त्यस्तै आइ.सि.एफ.सि. फाइनान्स का कार्यान्वयन अधिकारी सुरज तिमल्सिनाले संस्थागत जोखिम मूल्याङ्कन, goAML System मा रिपोर्टिङ्ग, इकाईसँगको समन्वय लगायतका विषयमा प्रस्तुती गर्नु भएको थियो ।

अन्तरक्रिया सत्रमा सहभागीहरुले विषयसँग सम्बन्धित रहेर विभिन्न जिज्ञाशा तथा सुझावहरु राख्नुभएकोमा प्रस्तुतकर्ताहरु तथा इकाई प्रमुखले सो सम्बन्धमा सम्बोधन गर्नु भएको थियो । सहभागीहरुको तर्फबाट लुम्बिनी विकास बैंकका हरिकृष्ण सुवेदी तथा निर्धन उत्थान लघुवित्त वित्तीय संस्थाका लक्ष्मण न्यौपानेले मन्तव्य राख्नु भएको थियो ।

